# आयुर्वेद उपचार पद्धतिमा जनविश्वास र अभ्यास

**(राम्जादेउराली आयुर्वेद औषधालय मोदी गाउँपालिका वडा नं ७, राम्जाको एक अध्ययन)**

त्रिभुवन विश्वविद्यालय,मानविकी तथा सामाजिकशास्त्र संकाय

समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक

आवश्यकता परिपुर्तिको लागि प्रस्तुत

**शोध पत्र**


**शोधकर्ता**

प्रकाश चन्द्र सुवेदी

क्याम्पस रोल नं.:१३९/०६९

परिक्षा रोल नं.: ४८०४०१

त्रि.वि.दर्ता नं.: ६-१-९९९-२०६९-२००४



त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

२०७९

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको द्वितीय वर्षको आवश्यकता परिपूर्तिका निम्ती शोधकर्ता छात्र प्रकाश चन्द्र सुवेदीद्वरा **"आयुर्वेद उपचार पद्धतिमा जनविश्वास र अभ्यास"(राम्जादेउराली आयुर्वेद औषधालय मोदी गाउँपालिका वडा नं७, राम्जाको एक अध्ययन)**"शीर्षकमा तयार पारिएको शोधपत्र मेरो प्रत्यक्ष सुपरिवेक्षण र निर्देशनमा तयार पारिएको हो । उक्त शोध पत्रलाई आवश्यक मुल्याङ्कनको लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

........................

विज्ञान शर्मा

शोध निर्देशक

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०७९/०३/

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र विषयमा स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता परिपूर्तिको निम्ति शोधकर्ता छात्र प्रकाश चन्द्र सुवेदीद्वारा यस विभागमा प्रस्तुत**"आयुर्वेद उपचार पद्धतिमा जनविश्वास र अभ्यास"(राम्जादेउराली आयुर्वेद औषधालय मोदी गाउँपालिका वडा नं७, राम्जाको एक अध्ययन)**"शीर्षकमा तयार पारिएको शोधपत्र, शोधपत्र मूल्यांकन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

...........................................

**विज्ञान शर्मा**

शोध निर्देशक

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

........................................

**तेज प्रसाद सुवेदी**

बाह्य परीक्षक

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

........................................

**शिव बहादुर थापा**

विभागिय प्रमुख

समाजशास्त्र विभाग, ग्रामिण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०७९/०३/

# कृतज्ञताज्ञापन

आयुर्वेद उपचार पद्धतिमा जनविश्वास र अभ्यासः (राम्जादेउराली आयुर्वेद औषधालय मोदी गाउँपालिका वडा नं. ७ राम्जाको एक अध्ययन) त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि समाजशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरामा प्रस्तुत गरिएको शोधपत्र हो ।

प्रस्तुत शोधपत्र अध्ययन अनुसन्धान गर्ने सम्बन्धमा निरन्तर समय उपलब्ध गराएर पृष्ठपोषण मार्गदर्शन गर्नुहुने यस पृथ्वीनारायण क्याम्पस समाजशास्त्र विभागकामेरो शोध निर्देशक विज्ञान शर्माप्रति हार्दिक आभार व्यक्त गर्दछु साथै बाह्य परीक्षकको रुपमा अमुल्य सल्लाह, सुझाव प्रदान गर्ने आदरणीय गुरु तेज प्रसाद सुवेदी तथाविभागीय प्रमुख शिव बहादुर थापाप्रति हृदयदेखि आभार प्रकट गर्न चाहान्छु ।

शोध अध्ययानको लागि सहयोग पुऱ्याउने राम्जादेउराली आयुर्वेद औषधालय परिवार अध्ययन अवधिभर मेरो जिज्ञासा मेटाउने र समय प्रदान गर्ने सेवाग्राही, सुचनादाताहरु प्रति पनि आभार प्रकट गर्न चाहान्छु । शोध अनुसन्धानलाई पुर्णता प्रदान गर्न सर्न्दभ सामाग्री उपलब्ध गराउने पुस्तक पसल, संघ संस्था लगाएतका निकायहरु लाई धन्यवाद एवं आभार प्रकट गर्दछु । प्रस्तुत अध्ययनका लागि पृष्ठपोषण तथा मार्गनिर्देशन गर्ने साथीभाई, ईष्टमित्र मेरो अध्ययनलाई हौसला प्रदान गर्नेबुवा नारायण प्रसाद सुवेदी, जीवनसंगिनी बालिका शर्मा सुवेदी लगाएत विभिन्न सहयोग प्रदान गर्ने कुमान सिंह गुरुङ, किसान बहादुर क्षेत्री, राजेन्द्र पाहाडी, भास्कर रेग्मी लगाएतका सम्पुर्ण सुभेच्छुकहरुमा आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मुल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस समाजशास्त्र विभाग पोखरामा प्रस्तुत गरी त्यहाँ प्राप्त भएका सुझाव र टिप्पणीलाई समेत संलग्न गरी परीमार्जित स्वरुप यो शोधपत्र प्रस्तुत गरेको छु ।

**प्रकाश चन्द्र सुवेदी**

# विषय सूची

*पृष्ठ*


**सिफारिस पत्र** ii

**स्वीकृति पत्र** iii

**कृतज्ञता ज्ञापन** iv

**विषय सूची** v

**तालिका सूची** viii

**मुख्य शब्दावलीको अर्थ** ix

**शोधसार** x

**अध्याय एक : परिचय** १-८

१.१ अध्ययनको पृष्ठभुमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको महत्व, औचित्य ६

१.५ अध्ययनको सीमा ७

१.६ संगठनात्मक ढाँचा ८

**अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन** ९-२७

२.१ आयुर्वेदको परिचय ९

२.१.१ अवधारणगत बुझाई ९

२.१.२ आयुर्वेद उपचार पद्धतिको उद्विकास ११

२.२ सैद्धान्तिक समीक्षा १३

२.३ सेवाग्राही र सेवाप्रदायक बीचको सम्बन्ध १५

२.३.१ सैद्धान्तिक खाका १५

२.३.२ सेवाग्राही र सेवाप्रदायक बीच सम्वन्धको आधारभूत रुपरेखा १५

२.३.३ सेवाग्राही र सेवाप्रदायक बीचको अवधारणगत सम्बन्धमा प्रभाव पार्ने सामाजिक तत्वहरु १७

२.४ ऐतिहासिक पृष्ठभुमि २०

२.४.१ प्राचीनकाल २०

२.४.२ मध्यकाल २०

२.४.३ आधुनिककाल २१

२.५ आयुर्वेद उपचार र जडिबुटी सम्वन्धी सामाजिक नीति २४

२.५.१ आयुर्वेद उपचार पद्धति सम्वन्धी नीति तथा कार्यक्रम २५

२.६ पुर्व अध्ययनको समीक्षा २५

**अध्याय तीन : अनुसन्धान विधि २८-३१**

३.१ अनुसन्धान क्षेत्रको परिचय २८

३.२ अध्ययन क्षेत्रको छनोटको औचित्य २८

३.३ अनुसन्धान ढाँचा २९

३.४ समग्र अध्ययन विधि २९

३.४.१ प्राथमिक स्रोत २९

३.४.२ द्वितीय स्रोत ३०

३.५ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण ३१

३.६ अध्ययनको सीमा ३१

**अध्याय चार : भौगोलिक तथा जनसाङ्ख्यीकीय विवरण ३२-४२**

४.१ पर्वत जिल्लाको सामान्य परिचय ३२

४.२ अध्ययन क्षेत्रको परिचय ३३

४.३ औषधालयबाट प्रवाहित वा प्रदान हुने सेवाहरु ३४

४.४ औषधालय आउन लाग्ने समय ३६

४.५ उत्तरदाताको सामाजिक जनसाङ्ख्यिक विवरण ३६

४.५.१ लिङ्ग ३६

४.५.२ उमेर ३७

४.५.३ वैवाहिक स्थिति ३८

४.५.४ शैक्षिक अवस्था ३८

४.५.५ पेशा व्यसाय ३९

४.५.६ धार्मिक पृष्ठभूमि ४०

४.५.७ जात/जातीयता ४१

४.५.८ सेवाग्राही र सेवाप्रदायक बीचको अध्ययन ४२

**अध्याय पाँच : आयुर्वेद उपचार पद्धतिमा जनविश्वास र भैरहेको अभ्यास** **४३-५७**

५.१ अध्ययन क्षेत्रमा छनोटमा परेका बिरामीका रोगका प्रकारहरु ५३

५.२ घरेलु उपचार ४५

५.३ औषधालय आउनु पूर्व उपचार गरेको स्थान ४६

५.४ आयुर्वेदिक औषधालयलाई रोज्नुको कारण ४७

५.५ चिकित्सकद्वारा लिखित औषधिको प्रयाप्तता ४९

५.५.१ औषधि अभावको अवस्थामा चिकित्सकबाट सल्लाह ५०

५.५.२ उत्तरदाताले प्रयाप्त नभएको औषधि ल्याउने स्थान ५२

५.६ औषधि प्रयोग गर्ने तरिका ५२

५.७ औषधि प्रयोगको जानकारी दिने व्यक्ति ५३

५.८ औषधालयमा दिइने औषधिहरुको प्रभाव ५३

५.९ प्राप्त औषधिबाट विमार सञ्चो हुन्छ भन्ने जनविश्वास ५४

५.१० उपचारप्रति जनविश्वास ५५

५.११ अविश्वासको कारण ५६

५.१२ आधुनिक उपचार पद्धति भन्दा भिन्न ५७

५.१३ विरामीको घरेलु उपचार सम्वन्धी अनुभव ५७

**अध्याय छ : सारांश र निष्कर्ष** **५८-६१**

६.१ सारांश ५८

६.२ निष्कर्ष ६१

**सन्दर्भ ग्रन्थ सूची**

**अनुसूचीहरु**

**अनुसूची एक : अन्तर्वार्ता अनुसूची**

**अनुसूची दुई : अध्ययन क्षेत्रको नक्शा**

**अनुसूची तीन : अध्ययनको क्रममा लिइएका तस्विरहरु**

# तालिका सूची


| तालिका | | पेज |
|---|---|---|
| ४.१ | स्वास्थ्य संस्थाको अवस्थिति | ३३ |
| ४.२ | २०७५/०७६ मा औषधालयमा सेवा लिन आएका बिरामी विवरण | ३५ |
| ४.३ | उत्तरदातालाई औषधालय आउन लाग्ने समय | ३६ |
| ४.४ | लिङ्गको आधारमा विभाजन | ३७ |
| ४.५ | उत्तरदाताको उमेर अनुसारको विवरण | ३७ |
| ४.६ | वैवाहिक अवस्था अनुसारका उत्तरदाताको विवरण | ३८ |
| ४.७ | उत्तरदाताको शैक्षिक अवस्थाको विवरण | ३९ |
| ४.८ | उत्तरदाताको पेशागत विवरण | ४० |
| ४.९ | उत्तरदाताको धार्मिक पृष्ठभूमि | ४१ |
| ४.१० | उत्तरदाताको जात/जातीयता | ४१ |
| ५.१ | उत्तरदाताहरुको उपचारार्थ रोग विवरण | ४४ |
| ५.२ | शुरुको उपचार विवरण | ४५ |
| ५.३ | औषधालय आउनुपूर्व उपचार | ४६ |
| ५.४ | आयुर्वेद उपचार पद्धतिलाई रोज्नुको कारण | ४७ |
| ५.५ | औषधिको उपलव्धताबारे उत्तरदाताको विचार | ४९ |
| ५.६ | औषधिको अभावको अवस्थामा चिकित्सकबाट सल्लाह | ५० |
| ५.७ | अप्रयाप्त औषधि प्राप्त गर्ने निकाय | ५२ |
| ५.८ | उत्तरदातालाई औषधि प्रयोग गर्ने तरिकाको जानकारी | ५३ |
| ५.९ | उत्तरदातामा औषधिको प्रभाव | ५३ |
| ५.१० | उत्तरदाताको विमार सञ्चो हुन्छ भन्ने विचार | ५४ |
| ५.११ | उत्तरदाताको आयुर्वेद उपचारप्रतिको विश्वास | ५५ |
| ५.१२ | विश्वास नहुनुको कारण | ५६ |

# मुख्य शब्दावलीको अर्थ

शोद्यपत्र लाई प्रष्ट पार्नको लागी र अन्य पाठकबर्गहरुलाई पनि पठन पाठन कार्यमा सहज होस भनेर यहाँ केही पारिभाषिक शब्द हरु राखिएको छ ।

**औषधालय** : मोदी गाँउपालिका वडा नं ७ मा रहेको रामजा देउराली आयुर्वेद औषधालय जहाँबाट निःशुल्क आयुर्वेद औषधी वितरण गरिने सरकारी संस्था ।

**घरेलु उपचार** : आफ्नो घर वरपर पाइने जडिबुटीद्धारा घरमै बनाएर गरिने उपचार पद्धती ।

**सेवाग्रही** : राम्जा देउराली आयुवृेद औषधालयमा उपचार तथा सल्लाहको लागी आउने मानिसहरु ।

**गा.वि.स** : गाँउ विकास समिति

**गा.पा** : गाँउपालिका, मोदी गाउपालिक पर्वत

**टि.वि** : टिउबर कोलोसिस, क्षयरोग

**एच.आइ.भी** : मनाव इम्युनो डेफिसेन्सी भाइरस, जसले रोग प्रतिरोधक क्षमतामा कमि ल्याउने एक प्रकारको सरुवा रोग ।

**अनदि** : चामलको एक प्रजाति जसको सेवनले घाउ चोटपटक लाग्दाको दुखाई तथा आघात जन्य रोगहरुमा फाइदा पुऱ्याउँदछ ।

**दिनचर्या** : दैनिक बिहान उठेर बेलुकाको खाना खाने बेला सम्म गरिने दैनिक क्रियाकलाप

**रात्रिचर्या** : बेलुकाको खाना खाए पश्चात सुतेर बिहान नउठ्दा सम्मको क्रियाकलाप समय

**ऋतुचर्या** : छ वटा ऋतु अनुसार गरिने क्रियाकलाप तथा खानपानहरु ।

धनवन्तरालयः औषधि पसल फार्मेसिको नाम धन्वन्तरी भगवानको नामबाट राखिएको संस्था ।

**धर्न्वन्तरी** : आयुर्वेदका प्रवर्द्धक भगवान धर्न्वन्तरी ।

**विमार** : विरामी अवस्था अशक्तता रोग लागेको अवस्था ।

**खोरेत** : गाई भैसिको खुरमा लाग्ने एक प्रकारको रोग ।

# शोधसार

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि समाजशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत गरिएको **आयुर्वेद उपचार पद्धतिमा जनविश्वास र अभ्यास** (**राम्जादेउराली आयुर्वेद औषधालय मोदी गाउँपालिका वडा नं ७, राम्जाको एक अध्ययन**) शोधपत्र हो ।

प्रस्तुत शोध अध्ययन गर्नुको मुख्य उद्धेश्य भनेको आयुर्वेद उपचार पद्धतिमा, जनविश्वास र अभ्यास सम्बन्धमा राम्जादेउराली आयुर्वेद औषधालय मोदी गाउँपालिका वडा नं ७, रम्जामा केन्द्रीत रहि अध्ययन तथा विश्लेषण गरिएको छ । प्रसतुत सम्बन्धमा आयुर्वेद उपचार पद्धतिको जनविश्वास सम्बन्धमा जानकारी लिने, आयुर्वेद उपचार पद्धतिको अभ्यास सम्बन्धमा जानकारी लिने दुई वटा मुख्यउद्देश्यहरु रहेका छन । जसबाट सामाजिक जिवनमा के कसतो प्रभाव पारेको छ भन्ने जानकारी लिने मुख्य उद्धेश्यमा मात्र सिमित रहको छ। आधुनिक तथा एलोपेथिक औषधी बारेमा, रोगहरुको अध्ययनको बारेमा प्रसस्त शोध अध्ययन भएको पाईन्छ । आधुनिक चिकित्सा प्रणाली, औषधी विज्ञन, रोग सम्बन्धमा प्राय अध्ययन केन्द्रीत रहेको तर आयुर्वेद उपचार, आयुर्वेद क्षेत्रतर्फ यस्ता अध्ययन नभएको हुनाले प्रस्तुत शोध अध्ययन यसै क्षेत्रमा केन्द्रीत रहि गरिएको छ ।

अध्ययनको उद्देश्य अनुरुप पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं ७ अन्तर्गत पर्ने राम्जा देउराली आयुर्वेद औषधालयमा केन्द्रीत रहि २०७६ साल भाद्र महिनामा अध्ययन शुरुवात गरिएको छ, उक्त महिनामा सेवा लिन आएका बिरामी अभिलेखमा कुल १५२ जना भएता पनि शोधकर्ताको प्रस्तावलाई स्वीकार गरी समय उपलव्ध गराउने, अन्तर्वाता दिन सक्ने, अन्तर्वाता दिन इच्छुक फरक फरक खालका क्षेत्र तथा विरामीहरु जम्मा ६४ जना मात्रै रहेका थिए । तिनै उत्तरदाता ६४ जनालाई समग्र  अध्ययन विधिको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । अध्ययनको उद्धेश्य अनुरुप निर्माण गरिएका अन्तर्वार्ता अनुसुचिको माध्यम बाट समग्र अध्ययन विधिमा केन्द्रीत रहि अध्ययन गरिएको छ । शोध अध्ययनलाई मजबुत गराउन अवलोकन तथा वैयक्तिक अध्ययन समेत जोडिएको छ ।

प्राथमिक तथ्याङ्क अध्ययन क्षेत्रमा प्रत्यक्ष शोधकर्ता उपस्थित भई अन्तर्वाता अनुसुचिको माध्यमबाट लिइएको छ भने द्वितीय स्रोत अन्तर्गत औषधालयको वार्षिक प्रतिवेदन, मासिक विरामी तथ्याङ्क, वार्षिक समिक्षा प्रतिवेदन, औषधि वितरण गरिएको

लगत पुस्तिका, आयुर्वेद औषधिको बारेमा प्रकाशित लेख, रचनालाई द्वितीय स्रोतको रुपमा लिई अध्ययन गरिएको छ ।

सङ्कलित तथ्याङ्कहरुलाई तालिकामा प्रसतुत गरी परिमाणात्मक तथ्याङ्कलाई अनुपात, प्रतिशतमा अध्ययान गर्दै आवश्यकता अनुसार तालिकाको प्रयोग गरी विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनबाट आयुर्वेदिक उपचार पद्धति अंगाल्ने बिरामीहरु पुरुष भन्दा महिला बढी, अविवाहित विरामी उत्तरदातको तुलनामा विवाहित उत्तरदाताको संख्या अत्याधिक, सवैभन्दा बढी हिन्दू धर्म मान्ने, रोगहरको अध्ययनमा सबैभन्दा बढी पाचन प्रणली सम्वन्धी बिरामीहरु, जनविश्वास बारेमा कुरा गर्दा नकरात्मक प्रभाव (पार्श्व प्रभाव) नहुने र  नियमित लामो समय औषधि प्रयोग गरेमा यही औषधिबाट नै रोग तथा उपचार सन्चो हुन्छ भन्ने विरामी बढी मात्रामा पाइ नकरात्मक प्रभाव (पार्श्वप्रभाव) नपर्ने र यहीबाट नै उपचार सन्चो हुन्छ भन्ने विरामी बढी मात्रामा पाइयएको छ, विस्तृत निश्र्कष शोध अध्ययनको सारंशमा उल्लेख गरिएको छ  ।

यसरी प्रस्तुत शोध अध्ययनबाट हिन्दु धर्म परम्परामा आधारीत नेपाली समाज धार्मिक आस्था विश्वास जोडिएको र परम्परादेखि चलीआएको हुनाले समाजमा आयुर्वेद तथा परम्परागत उपचार पद्धतिको बिशेष महत्व, जनविश्वास रहेको पाईन्छ । गाउँ समाज छिमेकमा कोही अशक्त तथा बिमारी भएमा घरायसी कामले व्यस्त भएको अवस्थामा आफै औषधालय जाने समय नभएको खण्डमा आफ्नो छिमेकी तथा नातेदारलाई औषधी मागेर किनेर लगिदिने, आर्थिक सहायता गर्ने, चलन समाजमा चल्दै आएको छ ।एकातर्फ संस्कृती परम्पराको संरक्षण गर्ने र अर्को तर्फ हाम्रो गाँउ समाजमा पाईने जडिबुटीहरुको खेति गरि प्रशोधन गर्नाले आयआर्जन बृद्धिहुने, रोजगारी प्रप्त हुने भएकाले  आयुर्वेद उपचार पद्धतिलाई समय सापेक्ष परिमार्जित गदै, व्यवस्थित गदै लैजानुपर्ने आजको आवश्यकता हो ।